गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,७७,९०० ▼ |
| चाँदी | : | ४२८५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६०८.३३ (-२४.६३) ▼ |
| कारोबार रकम | : | ३,२५८,७५८,०१४ ▲ |
| कारोबार भएका सेयर | : | ८,७३७,३९२ |
| कारोबार सङ्ख्या | : | ७९,२८६ |
| कारोबार भएका कम्पनी | : | ३६५ |

# थप कडाइसहित जान थाल्यो चिया

## परीक्षण प्रतिवेदन पाँच दिनमा दिइने

**कोकिला ढकाल**
*इलाम, असार १६ गते*

भारत आयात हुने चियामा भारतको टी बोर्डले नयाँ निर्णय गरेको छ। उक्त बोर्डले जुन २९ मा एक सूचना जारी गर्दै पहिला रोकिएको चियाको परीक्षण प्रणाली पुनः सुचारु गरेको जनाएको छ।

सूचनामा २०२६ मे १ देखि भारत आयात हुने सबै चियाको शतप्रतिशत परीक्षण गर्ने निर्णय भएको उल्लेख छ।

यस्तै फस्वाइलाई पुनः निर्यातका लागि भारत आयात भएको चियाको शतप्रतिशत परीक्षण गर्ने अधिकार दिइएको उल्लेख छ। भारतभित्र प्रयोग गर्न आयात हुने चियाको सुरुवाती चरणमा जोखिमका आधारमा २० प्रतिशत नमुनाको परीक्षण गरिने उल्लेख छ।



सूचनामा परीक्षणका लागि प्रत्येक आवेदकले दुई हजार रुपियाँ र जिएसटी तथा फस्वाइ र प्रयोगशालाले तोकेको परीक्षण शुल्क तिर्नुपर्ने उल्लेख छ। यसै गरी पुनः निर्यातका लागि आयात गरिएको चियाले पनि परीक्षणको प्रमाणपत्र लिनुपर्ने छ। पाँच दिनभित्र परीक्षणको प्रतिवेदन प्रयोगशालाले दिनेसमेत उल्लेख छ।

यससँगै भारतीय टी बोर्डले भारत आयात हुने चियालाई गुणस्तरमा थप कडाइ गरेको छ।

**जान थाल्यो चिया**

गएको मे १ देखि भारतीय टी बोर्डले 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युअर' लागु गर्दै अनिवार्य प्रयोगशाला परीक्षणको व्यवस्था गरेपछि निर्यात ठप्प भएको नेपाली चिया मङ्गलबार भारत निर्यात भएको छ।

मङ्गलबार नौ हजार किलो पठाइएको इलामको तारागाउँ टी स्टेटका सञ्चालक उत्तमकुमार श्रेष्ठले जानकारी दिनुभयो। "नौ हजार किलो अर्थात् एक कन्टेनर चिया कोलकाता पठाएका छौँ। त्यो चिया भन्सार पास भएर गएको छ। पर्सीसम्म कोलकाता पुग्छ," श्रेष्ठले भन्नुभयो, "अब त्यो चिया कसरी परीक्षण गरिन्छ भन्ने केही थाह छैन। उताको व्यापारीले पठाउनु भनेपछि पठाइएको छ।"

"भारतीय टी बोर्डले नयाँ व्यवस्था गरेकोमा भने अब गुणस्तरमा चिया उद्योगी, किसानले कुनै पनि तलमाथि गर्न सक्ने अवस्था नभएको मैले बुझेको छु," श्रेष्ठले भन्नुभयो। नेपाली चिया अब तेस्रो मुलुक पठाउने ढङ्गकै उत्पादन गर्नुको विकल्प नभएको उहाँले बताउनुभयो।

यसअघि जटिल गुणस्तर जाँचको बहानामा भारतीय बजारमा पुगेको दुई लाख किलोभन्दा बढी तयारी चिया भारतीय गोदममै थन्किएको चिया उद्योगीको भनाइ छ।

# विद्युत् आयोजना प्रवर्धककै अगुवाइमा बन्यो प्रसारण लाइन



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १६ गते*

निर्माण व्यवसायीको अक्षमताले करिब सात वर्षसम्म निर्माण हुन नसकेको मर्स्याङ्दी कोरिडोर अन्तर्गतको २२० केभी मार्कीचोक–भरतपुर प्रसारण लाइन विद्युत् आयोजना प्रवर्धककै अगुवाइमा निर्माण सम्पन्न भएको छ।

नेपाल विद्युत् प्राधिकरणले तनहुँको आँबुखैरनीस्थित मार्कीचोकमा रहेको न्यु मर्स्याङ्दी सबस्टेसनदेखि चितवनको भरतपुर महानगरपालिका–आँपटारीस्थित न्यु भरतपुर सबस्टेसनसम्म करिब २८ किलोमिटर लामो २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको हो। हाललाई एक सर्किट मात्र चार्ज गरिएको छ। २८ किलोमिटर सो खण्ड चिनियाँ निर्माण कम्पनीले नबनाएपछि डेढ वर्षपहिले सोही कोरिडोरमा विद्युत् आयोजना निर्माण गरेका सात प्रवर्धक कम्पनीलाई नै नेतृत्वदायी जिम्मा दिइएको थियो।

चिनियाँ कम्पनी पिङ्गाओ ग्रुपले २०७४ साल कात्तिकमा सो प्रसारण लाइन निर्माणको जिम्मा पाएको थियो तर सात वर्षभन्दा बढी समय बितिसक्दा पनि सो कम्पनीले ८४ वटा टावरमध्ये केवल ३५ वटाको जग र १० वटा टावर ठड्याउने मात्रै सम्पन्न गर्न सकेको थियो। निर्माणको गति अत्यन्त सुस्त भएपछि नेपाल विद्युत् प्राधिकरणले २०८१ साल मङ्सिर ५ गते उक्त निर्माणको जिम्मेवारी निजी क्षेत्रलाई हस्तान्तरण गरेको थियो।

मर्स्याङ्दी कोरिडोरका सात जलविद्युत् आयोजनाले भिभा कन्स्ट्रक्सन एन्ड इन्जिनियरिङ कन्सर्न र भूगोल इन्फ्रास्ट्रक्चर कम्पनीलाई निर्माणको जिम्मा दिएका थिए। प्रसारण लाइन निर्माणमा सहजीकरण र समन्वयका लागि स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) का वरिष्ठ उपाध्यक्ष एवं दोर्दीखोला जलविद्युत् कम्पनीका सञ्चालक उत्तम ब्लोन लामाको नेतृत्वमा प्रवर्धकको समितिले निर्माण सम्पन्न गरेको हो।

गत वर्षसम्म शून्य प्रगति रहेको २८ किलोमिटर प्रसारण लाइन अहिले पूर्ण रूपमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ।

यस प्रसारण लाइनमा ५४ मेगावाटको सुपर दोर्दी, १२ मेगावाटको दोर्दीखोला–१, २७ मेगावाटको दोर्दीखोला, ३० मेगावाटको न्यादी, ८.६ मेगावाटको चेपेखोला तथा ९.०५ मेगावाटको सुपर चेपेखोला जलविद्युत् आयोजनाले लगानी गरेका थिए। यी सबै आयोजना निजी क्षेत्रद्वारा प्रवर्धित हुन्।

प्राधिकरणले सार्वजनिक सूचना जारी गर्दै प्रसारण लाइनमुनि तथा तारवरपर नजान टावर तथा तार नछुन र आवश्यक सुरक्षा सावधानी अपनाउन स्थानीयलाई आग्रह गरेको छ। प्राधिकरणका अनुसार यस लाइनमा २२० केभी विद्युत् प्रवाह गरी परीक्षण सुरु गरिएको छ र परीक्षण सफल भएपछि लाइन नियमित सञ्चालनमा रहने छ।

यो प्रसारण लाइन मर्स्याङ्दी, दोर्दी, त्रिशूली नदी तथा तिनका सहायक खोलामा निर्माण भएका र निर्माणाधीन निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न महत्त्वपूर्ण मानिएको छ।

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत शासकीय सुधार

# सैँतिस माइलस्टोनमध्ये छत्तिस वटा कार्यान्वयन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १६ गते*

सरकारले सार्वजनिक गरेको एक सयबुँदे शासकीय सुधार कार्ययोजना अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सेवा प्रवाहलाई सरल, छिटो र प्रविधिमैत्री बनाउन विभिन्न सुधारात्मक कार्य अघि बढाएको छ।

मन्त्रालयले सेवा प्रवाह सुधार, लगानी प्रवर्धन, उद्योग संरक्षण, व्यापार सहजीकरण तथा संस्थागत पुनर्संरचनासहितका अधिकांश कार्ययोजना कार्यान्वयन गरेको जनाएको छ।

मन्त्रालयले गत शुक्रबार शासकीय सुधारका कार्ययोजनाको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुझाएको हो।

कार्ययोजना अन्तर्गत रहेका ३७ माइलस्टोनमध्ये ३६ वटा कार्यान्वयन गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले मन्त्रालय अन्तर्गत रहेका अधिकांश कार्ययोजना कार्यन्वयन गरिएको जानकारी दिनुभयो। कार्ययोजनाको ९७.२९ प्रतिशत प्रगति हासिल गरिसकेको उहाँले जानकारी दिनुभयो।

कार्यसम्पादन सुधार, सेवा प्रवाह सुदृढीकरण, कानुनी तथा संस्थागत सुधार, डिजिटल प्रणाली विस्तार र निजी क्षेत्र प्रवर्धनका क्षेत्रमा प्रगति हासिल गरेको उहाँले जानकारी दिनुभयो।

सुशासन, सेवा प्रवाह सुधार, लगानी प्रवर्धन तथा निजी क्षेत्रको सुदृढीकरणका लागि अघि सारेका सुधारात्मक कार्यक्रमको कार्यान्वयनमा गरिएको मन्त्रालयले जनाएको छ।

त्यस्तै खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक कानुन मन्त्रालयमा रायका लागि पठाइसकेको, कम्पनी विधेयक अर्थ मन्त्रालयको सहमति प्राप्त गरी सरोकारवालाको सुझावका लागि सार्वजनिक गरिएको तथा महान्यायाधिवक्ताको कार्यालयमा रायका लागि पठाइएको छ।

सेवा प्रवाह सुधार अन्तर्गत व्यवसाय प्रक्रिया पुनर्संरचना (बिपिआर) सम्बन्धी कार्ययोजनासहितको प्रतिवेदनको मसौदा तयार गरी थप मार्गदर्शनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको छ। मन्त्रालयको पुनर्संरचनासम्बन्धी मसौदा पनि सम्बन्धित निकायमा पेस गरिएको र नेपाल सरकारद्वारा गठित पुनर्संरचना समितिमार्फत कार्य अघि बढिरहेको छ।

डिजिटल सेवा विस्तार अन्तर्गत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सेवा अनलाइन प्रणालीमा आबद्ध गरिएको, गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन टेलिफोन, इमेल, क्युआर कोड तथा वेबसाइटमार्फत गुनासो प्रणाली सञ्चालनमा ल्याइएको, गुनासो व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा आएको, कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभाग तथा अन्य निकायका डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई थप सहज बनाइएको र विभागबाट विदेशी लगानी स्वीकृतिको प्रमाणपत्र तथा कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनी दर्ता प्रमाणपत्र अनलाइन प्रणालीमार्फत उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा आएको मन्त्रालयले जनाएको छ।

यस्तै एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाउन सम्बन्धित निकायसँग अधिकार प्रत्यायोजनका लागि समन्वय गरिएको, थप डिजिटाइजेसन तथा अन्तरनिकाय समन्वयमार्फत सेवा केन्द्रलाई सुदृढ बनाइएको, स्टार्टअप फास्ट ट्र्याक कार्ययोजना मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको मन्त्रालयले जनाएको छ।

कम्पनी दर्ताकै समयमा स्थायी लेखा नम्बर प्राप्त गर्ने व्यवस्था लागु गरिएको छ भने राष्ट्रिय परिचयपत्र प्रणालीसँगको एकीकरणलाई थप विस्तार गर्ने प्रक्रिया अघि बढाइएको छ।

निजी क्षेत्र प्रवर्धन तथा संरक्षण रणनीतिको मसौदा सरोकारवालासँग छलफलपछि मन्त्रीपरिषद्मा पेस गरिएको छ। व्यवसाय दर्ता प्रणालीबिच अन्तरआबद्धता कायम गरी 'रियल टाइम डाटा ड्यासबोर्ड' तयार गरी शुभारम्भ गरिसकेको मन्त्रालयले जनाएको छ।

उद्योग विभागबाट २५ करोड रुपियाँसम्म स्थिर पुँजी भएका उद्योगको दर्ता तथा त्यसपछिका प्रशासनिक कार्यमा रहेको दोहोरोपन हटाइएको मन्त्रालयले जनाएको छ।

यस्तै, खनिजक्षेत्र सुधार अन्तर्गत निष्क्रिय रहेका २७ खानीमध्ये स्पष्टीकरणका आधारमा तीन वटा खनिज उत्खनन अनुमतिपत्र तथा १२२ वटा खनिज अनुमतिपत्र रद्द गरिएको छ।

साथै नौ प्रकारका खनिजलाई रणनीतिक खनिजका रूपमा वर्गीकरण गरी एकीकृत डाटाबेस निर्माणको तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

यस्तै बजारमा अधिकतम खुद्रा मूल्य (एमआरपी) को पालना सुनिश्चित गर्न नियमित बजार अनुगमन भइरहेको मन्त्रालयले जनाएको छ।

# उद्यमशीलता प्रवर्धनमा सहकार्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १६ गते*

नेपाल चेम्बर अफ कमर्स र बृहत् ग्रुपको उद्यमशीलता तथा भेन्चर विकास पहल बृहत् प्रेन्योर्स प्रालिबिच उद्यमशीलता विकास, नवप्रवर्तन, व्यवसाय विस्तार तथा लगानी प्रवर्धनका लागि दुईबर्से समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीपत्रमा नेपाल चेम्बर अफ कमर्सको भौतिक पूर्वाधार तथा भूमि सुधार समितिका सभापति रोशन भोयाद्यो तथा बृहत् प्रेन्योर्सका संस्थापक एवं बृहत् ग्रुपका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत डेडेन लामा राजभण्डारीले हस्ताक्षर गर्नुभएको हो।

सम्झौता अनुसार दुवै संस्थाले देशभर उद्यमशीलता प्रवर्धन, स्टार्टअप तथा नवउद्यमको विकास, व्यावसायिक सञ्जाल विस्तार, मेन्टोरसिप, क्षमता अभिवृद्धि तथा लगानीका अवसर सिर्जना गर्न संयुक्त कार्यक्रम सञ्चालन गर्ने छन्। नेपाल चेम्बर अफ कमर्सले देशका पाँच स्थानमा उद्यमी तथा व्यवसायीलक्षित जनचेतना र पहुँच विस्तार कार्यक्रम सञ्चालन गर्ने छ भने नवौँ नेपाल ल्यान्ड, हाउजिङ एन्ड कन्स्ट्रक्सन एक्स्पोका अवसरमा विशेष उद्यमशीलता कार्यक्रम पनि आयोजना गरिने छ।

> उद्यमशीलता प्रवर्धन, स्टार्टअप तथा नवउद्यमको विकास, व्यावसायिक सञ्जाल विस्तार, मेन्टोर सिप, क्षमता अभिवृद्धि तथा लगानीका अवसर सिर्जना गर्न संयुक्त कार्यक्रम सञ्चालन गर्ने।

बृहत् प्रेन्योर्सले सहभागी उद्यमीहरूका लागि अभिमुखीकरण, व्यवसाय विकास तालिम, बिजनेस क्लिनिक, इन्क्युबेसन, मेन्टोरसिप, नेटवर्किङ तथा भेन्चर सपोर्ट कार्यक्रम सञ्चालन गर्ने छ। साथै सदस्यता, साझेदारी, कोवर्किङ सुविधा तथा व्यवसाय विस्तारका अवसर उपलब्ध गराइने जनाइएको छ। सम्झौता अनुसार दुई वर्षको अवधिमा कम्तीमा छ वटा उद्यमशीलता तथा नेटवर्किङ कार्यक्रम आयोजना गरी तीन सयभन्दा बढी उद्यमी, स्टार्टअप तथा व्यवसायीलाई सहभागी गराउने लक्ष्य राखिएको छ। सम्झौतामा नेपाल चेम्बर अफ कमर्सको युवा समितिसमेतको सहकार्य रहने उल्लेख छ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले यस सहकार्यले उद्यमशीलता विकास, लगानी प्रवर्धन तथा निजी क्षेत्रको सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

बृहत् प्रेन्योर्सका संस्थापक एवं बृहत् ग्रुपका कार्यकारी अध्यक्ष डा. ओम राजभण्डारीले नेपालमा उद्यमशीलताको नयाँ संस्कृतिको विकासका लागि 'आइडिया मात्र होइन, कार्यान्वयन' मा जोड दिनुपर्ने बताउनुभयो।

नेपाल सरकार
**अर्थ मन्त्रालय**
**नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनोट तथा सिफारिस समितिको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।११)

नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन (२०८३/३/३१ गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालय, सिंहदरबारको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा गोप्य सिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **योग्यता तथा अनुभव :**
(क) नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४२(१) बमोजिम योग्यता तथा अनुभव भएको।
(ख) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ४ बमोजिम अयोग्य नरहेको।

२. **दरखास्त पेस गर्ने प्रक्रिया :**
(क) दरखास्त साथ अर्थ मन्त्रालयको website: **www.mof.gov.np** मा प्रकाशित नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ बमोजिम स्वयं घोषणा निवेदन स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ।
(ख) दरखास्त पेस गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र दुई प्रति पासपोर्ट साइजको फोटो तथा उक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्य योजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेस गर्नुपर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर "**नागरिक लगानी कोषको कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्य योजना**" उल्लेख गरेको हुनुपर्नेछ।

३. **व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण :**
छनोट सूचीमा परेका उम्मेदवारले आफूले पेस गरेको व्यावसायिक कार्य योजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नुपर्नेछ।

४. **दस्तुर:**
दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५२०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार शाखामा रू. ५,०००।- (अक्षरूपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ।
कार्यकारी निर्देशकलाई करारमा उल्लेख भए बमोजिमका सर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

५. **अन्य विवरण:**
(क) नागरिक लगानी कोषको कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्य योजनामा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा उक्त कार्यविधिबाट जानकारी लिन सकिनेछ।
(ख) छनोट तथा सिफारिस समितिले यो सूचना बमोजिम प्राप्त भएका दरखास्त कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।
(ग) झुट्टा विवरण वा कागजात पेस गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।
(घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ०१-४२११३६५ मा सम्पर्क गर्न सकिनेछ।

**Government of Koshi Province**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources and Irrigation Development Division**
**Panchthar**
**Invitation for Bids**
**Date of Publication : 01 July 2026 (2083-03-17)**

Project No. and Title: 56218-001: Irrigation Modernization Enhancement Project
Contract No. and Title: IMEP/Panchthar/B-1b/CW-70 (Construction of Phalaam Khola Ahale Simle Irrigation Sub Project, Yangwarak-2, Panchthar)
Deadline for Submission of Bids: 31 July 2026 (2083-04-15), 12:00 Noon

1. The Government of Nepal has received for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project. Part of this financing will be used for payments under the Contract named above. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Water Resources Irrigation Development Division, Panchthar ("the Employer") invites sealed bids from eligible Bidders for the construction and completion of Construction of Phalaam Khola Ahale Simle Irrigation Sub Project, Yangwarak-2, Panchthar ("the Works").
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage: Two-Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the bidding document may participate in this bidding:
   a) Average Annual Construction Turnover (as per section 3 of Bidding Document) : NPR 41.00 million.
   b) Financial Resources (as per section 3 of Bidding Document): NPR 5.12 million.
   c) Contracts of Similar Size and Nature (as per section 3 of Bidding Document) : NPR 24.60 million.
5. To obtain further information and inspect the bidding documents, Bidders should contact : Division Chief, WRIDD, Phidim, Panchthar, Koshi Province,Telephone : +977-9852681014
   E-mail: panchthar.irrigation@gmail.com
6. To purchase the bidding documents in English, eligible Bidders should
   - write to address above requesting the bidding documents for IMEP/Panchthar/B-1b/CW-70 (Construction of Phalaam Khola Ahale Simle Irrigation Sub Project, Yangwarak-2, Panchthar)
   - pay a nonrefundable fee of NPR. 5,000 (Five thousand) in the form of Bank Voucher deposited in the Nepal Bank Limited, Panchthar Branch in Revenue Account No.: 27002000001001000001 in favor of Water Resources and Irrigation Development Division, Panchthar, Office Code: 3130202011, Revenue Heading No.: 14229 by 31 July 2026 (2083-04-15), 12:00 Noon.
7. Deliver your Bid
   - To the Address: WRIDD Panchthar, Phidim, Panchthar
   - On or before the deadline: 31 July 2026 (2083-04-15), 12:00 Noon
   - Together with a Bid Security as described in the Bidding Document.

Bids will be opened immediately after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.